हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ९३ पृष्ठ : ४ २०७७ असोज ३० गते शुक्रबार (Friday 16 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




• मिर्चैयामा लथालिङ्ग खानेपानी आयोजना •

## खानेपानी कार्यालयको उदासीनताले उपभोक्ता हैरान

**सिरहा ।** मिर्चैया खानेपानी आयोजना झण्डै डेढ वर्ष देखि लथालिङ्ग अवस्थामा छ ।

पानी नआउने तथा कुनैकुनै बेला आएपनि शुद्ध पानी नआउँदा उपभोक्ता हैरान बनेका छन् । मानव जगतका लागि खानेपानी नभई नहुने चिज हो ।

तर, यहाँका सरोकारवाला निकाय र व्यक्ति भने यसप्रति गम्भीर देखिएका छैनन् । स्थानीय तहको चुनाव हुनुभन्दा अगाडिदेखि नै झण्डै सात वर्ष कार्यकाल चलाएको मिर्चैया साना शहरी तथा खानेपानी सरसफाइ आयोजनाको तत्कालिन उपभोक्ता समिति नगरपालिकाले गत २०७५ चैत २१ मा खोरेज गर्यो । उपभोक्ता समितिको कार्यकाल ३ वर्ष मात्रै हुने हुँदा बढी समयसम्म एउटै समितिले निरन्तरता पाइरहनु राम्रो नहुने र व्यवस्थित ढंगले उक्त समितिले काम पनि गर्न नसकेको भन्दै नगरपालिकाले सो समिति खारेज गरेको थियो । नगरपालिकाले पुरानो समिति खारेज गरे लगत्तै चुनाव नहुञ्जेल सम्म खानेपानी आयोजना रेखदेख तथा सञ्चालनका लागि तदर्थ समिति बनायो ।

नगरपालिकाले केहि दिनभित्रै चुनाव गरिने भन्दै मिर्चैया ५ का वडाध्यक्ष धिरेन्द्र साह (ललन) को अध्यक्षतामा सम्बन्धित वडा ४, ६, ७, ८ का वडाध्यक्षसहित कार्यपालिका सदस्यहरू सम्मिलित ९ सदस्यीय तदर्थ समिति बनाएको थियो ।

तर, हालसम्म चुनाव हुन सकेको छैन । त्यसो त बीचबीचमा चुनावको चर्चा चल्दै नआएको होइन । खानेपानीको समस्या समाधान नहुँदा यहाँका स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा अगुवाहरूले संघर्ष समिति नै गठन गरी नगरपालिकामा र विभिन्न कार्यालयमा ज्ञापनपत्र पनि बुझाए । तर, तीन–चार पटक चुनावको चर्चा चलेपनि नगरपालिकाले समिति बनाएको झण्डै डेढ वर्ष बढी हुनै लाग्दा समेत चुनावहुन सकेको छैन । सरोकावाला निकायको उदासीनताले हालसम्म चुनाव हुन नसक्दा तथा हालका तदर्थ समितिले पनि बेवास्ता गररेकैं कारण खानेपानी आयोजना लथालिङ्ग अवस्थामा पुगेको हो । सरोकारवाला निकायले निकास दिनुपर्नेमा चाँसो नलिँदा यहाँका उपभोक्तालाई सुरक्षितखानेपानीको समस्याभइरहेको छ ।

**निकास दिलाउन फेरी पहल, तर समाधानकहिले ?**

खानेपानीको समस्या समाधानको लागि पटकपटक आवाज उठाउँदै आएका यहाँका अगुवाले फेरि एकपटक अगाडि आएका छन् । संघर्ष समितिका अगुवाहरूले निकास माग्दै सोमबार खानेपानी कार्यालयमा ताला लगाउन नै गए ।

तर, सोहीदिन खानेपानी कार्यालयमै संघर्ष समिति र तदर्थ समिति बीच निकासका लागि प्रक्रिया अगाडि बढाइने सहमति बनेपछि उनीहरू फर्किए । संघर्ष समिति र तदर्थ समिति बीचमा कार्तिक ३ गते सोमबार सर्वदलीय बैठक बोलाइ चुनावी प्रक्रिया अगाडि बढाउने सहमतिभएको हो ।

खानेपानी जस्तो संवेदनशील विषयमा खेलाँची गरिनु नहुने संघर्ष समितिका अंजय साहको भनाइ छ । सरोकारवाला निकायको लापरवाहीले उपभोक्ता शुद्ध खानेपानीउपभोगबाट वञ्चित रहेको भन्दै उनले शीघ्र नै यो समस्या समाधान भए हितकर हुने बताए ।

## प्रदेश २ मा १०४ जना नयाँ संक्रमित थपिए

**लहान ।** प्रदेश २ मा बिहीबार १ सय ४ जना नयाँ कोरोनाका संक्रमित थपिएका छन् । एक साता अघि घटदै गरेको कोरोना संक्रमणको दर पुनः बढ्न थालेको छ । बुधबार एक सय जना थपिएकोमा आज आएर एकै दिन १ सय ४ जना थपिएको हो ।

यो सँगै प्रदेश २ मा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या १४ हजार ५ सय २५ पुगेको छ । त्यसैगरी प्रदेशमा कोरोनाका सक्रिय संक्रमितको संख्या एक हजार ७ सय ८२ पुगेको स्वास्थ्य निर्देशनालय प्रदेश २ का निमित्त निर्देशक

बाँकी ३ पेजमा

## नगरपालिकाले मापदण्ड विपरीत भवन निर्माण गर्न खोजेको आरोप

**लहान ।** सर्वसाधारण नागरिकले भौतिक संरचना निर्माण गर्दा मापदण्ड नपुगेको भन्दै नगरपालिकाबाट विभिन्न झमेला खेप्नु पर्ने भएपनि मापदण्ड पालना गराउने नगपालिका आफैंले भने सरकारी रकम खर्चिएर भवन निर्माण गर्दा मापदण्ड मिच्न खोजेको लहान नगरपालिका–१ तरकारी बजारका बासिन्दाले आरोप लगाएका छन् ।

नगरपालिकाले तरकारी बजारमा ४ करोड ११ लाख रूपैयाँ खर्चिएर निर्माण गर्न लागेको भवनको नक्सा सेमत हेर्न नदिएको र नगरपालिका आफैंले प्रमाणित गरेर दिएको भवन निर्माण प्रमाण पत्रमा कायम गरिदिएको बाटो समेत मिचेर जबर्जस्ती भवन बनाउन खोज्दा आफूहरूलाई मर्का परेको उनीहरूको गुनासो छ ।

तरकारी बजारका हृदय दास तत्मा भन्छन् 'नगरपालिकाले प्रमाणित गरेर दिएको प्रमाण पत्रमा भएको बाटो पनि मिचेर जबर्जस्ती भवन बनाउन खोजिंदैछ ।' नगरपालिकाले २०६९ साल असार २५ गते दिएको भवन निर्माण प्रमाणपत्र अनुसार बाटो कायम गरी भवन निर्माण नगरे न्यायालय जानुको बिकल्प नरहेको उनको भनाइ छ । 'जनताको लागि विकास गर्छु भन्नेले सरकारी रकम खर्चिएर भवन बनाउँदा छेउछाउका मानिसहरूलाई गाह्रो अप्ठ्यारो के पर्छ, त्यो पनि नसोध्ने ?' उनले भने ।

वर्षौंदेखि तरकारी खरिद बिक्रीका लागि गुदरी हाट लाग्दै आएको तरकारी बजारमा दक्षिणतर्फ १४ फिट र उत्तरतर्फ १३ फिट बाटो छोडेर एक सय २४ फिट लामो भवन बनाउँदा आफूहरूको बाटो नै मासिने दासको गुनासो छ । 'नगर प्रमुखलाई बोलाएर छलफल गर्दा जसरी पनि भवन बनाउँछौं भन्दै फर्किए' दासले भने । नगरपालिका आफैंले बाटो नै मिचेर भवन निर्माण गर्दा तरकारी बजारको दक्षिणतर्फ आफूसहित रामस्वरूप चौधरी, बिक्रम दास, विश्वम्भर दास, उत्तिमलाल दास, हरेराम दास, तुलसी दास र उत्तरतर्फ रामदियाल यादव, मुकुन्द मानन्धर, परमेश्वर दास र देवनारायण चौधरीलाई मर्का पर्ने उनले बताए ।






फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## सिरहाको सम्मान

**सिरहा क्षेत्र नम्बर ३ बाट निर्वाचित लीलानाथ श्रेष्ठ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नियुक्त भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लीलानाथ श्रेष्ठलाई नियुक्त गरेका हुन् । यस्तै अर्थ मन्त्रीमा विष्णु पौडेल र सहरी विकास मन्त्रीमा कृष्णगोपाल श्रेष्ठ नियुक्त भएका छन् । सिरहाको चोहर्वा घर भएका श्रेष्ठ क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका हुन् । दोस्रो सविधानसभाको चुनावमा सिरहाबाट चुनाव लडेका तत्कालिन माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग श्रेष्ठले प्रतिस्पर्धा गरेकाथिए । त्यसबेला श्रेष्ठको अत्यधिक चर्चा भएको थियो । उनले मधेसीको बाहुल्य रहेको क्षेत्रबाट निर्वाचन जितेका हुन् । उनलाई मन्त्री बनाउनुपर्छ भनेर व्यापक आवाज उठेको थियो ।**

**दोस्रो संविधान सभामा सिरहा क्षेत्र नम्बर ४ बाट चुनाव लडेका उनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसूग पराजित भएका थिए । ल क्याम्पसबाट कानुनमा स्नातक उर्तीण ५६ वर्षीय श्रेष्ठको राजनीतिक यात्रा २०३६ सालको विद्यार्थी आन्दोलनबाट सुरु भएको थियो । २०३७ मा अनेरास्ववियूको जिल्ला सदस्य, २०४१ मा ल क्याम्पसको स्ववियू सहसचिव, २०४८ मा भातृ संगठन प्ररायूसंघको सिरहा जिल्ला सचिव भए । २०६२ सालमा जिल्ला सचिव र २०६६ देखि अध्यक्ष भएर जिल्लामा पार्टीको नृतत्व सम्हालेका थिए । एमाले केन्द्रिय सदस्यसमेत रहेका श्रेष्ठ २०५४ सालमा सिरहा जिल्ला विकास समितिको उपसभापति निर्वाचित भएका थिए । चुनावताका सदरमुकामको अवस्था सुधार लगायत जनचेतना, शिक्षा, आयआर्जन, न्यूनतम कानुनी साक्षरता र योजनाबद्ध पूर्वाधार विकासमा जोडदिने लगायत एजेण्डासहित मतमागेका श्रेष्ठले चुनावी जीतसँगे यी बाचा पूरा गर्ने संकल्प गरेका थिए भने अहिले उनी मन्त्री नियुक्त भएका छन् ।**

**श्रेष्ठको मन्त्रीमा नियुक्तीले सिरहाले सम्मान पाएको छ । बग्रेल्ती साँसदको भीडमा सिरहाका श्रेष्ठ नियुक्त हुनु नै सिरहाले अवसर पाएको छ । यस अवसरसँगै श्रेष्ठमाथि जिम्मेवारी र चुनौति थपिएको छ । यस अवसरलाई नवनियुक्त मन्त्री श्रेष्ठले उपलब्धीमा परिणत गर्नसक्नुपर्छ । यो जिम्मेवारीसँगै श्रेष्ठ परीक्षा सुरु भएको छ । जे होस श्रेष्ठलाई मन्त्री नियुक्त गरेर संघीय सरकारले सिरहा जिल्लाको सम्मान बढाएको छ । यो सम्मानलाई सदैव कायम राख्न आवश्यक छ ।**

# जनताको आधारभूत सेवामा स्थानीय सरकारको भूमिका

**पालिका बहस**

**प्रेमल कुमार खनाल**



शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सार्वजनिक यातायातका सेवा र सुविधा सहज, तरिकाले प्राप्त गर्नु जनताको मौलिक अधिकार हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक र स्वच्छ खानेपानीको हक, धारा ३६ मा खाद्य सम्बन्धी हक, धारा ३७ मा आवासको हकको व्यवस्था गरिएको छ । यसैगरि नागरिकको रोजगारीको हक धारा ३३ मा, सामाजिक सुरक्षाको हक धारा ४३ मा, जेष्ठ नागरिकको हक धारा ४१ मा मौलिक हकको रूपमा व्यवस्था भएको छ ।

यी सबै मौलिक हकहरूको कार्यान्वयन गर्न संघीय संसदबाट ऐनहरु समेत पारित भइसकेको छ । अब यी मौलिक हकहरु कार्यान्वयन गर्नुपर्ने दायित्व स्थानीय सरकारको काँधमा आएको छ । किनकी स्थानीय सरकार जनतासँग जोडिएको सरकार हो । नागरिकको घरदैलोको सरकार भएका कारण संविधान प्रद्धत्त नागरिकको मौलिक हक कार्यान्वयन गर्ने दायित्व स्थानीय सरकारको हो ।

संविधानमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख छ । आर्थिक-उदारीकरण र नीजिकरणका कारण अधिंकाश सार्वजनिक विद्यालयहरु धराशायी बनेका छन् । शिक्षाको नीजिकरण र व्यापारीकरणका कारण गाँउघर सम्म नै दुई खाले शिक्षा प्रणालीको विकास भएको छ ।

विगतमा सार्वजनिक विद्यालयको शिक्षाको गुणस्तरीयता वृद्धि गर्न सरकारीस्तरबाट ध्यान नदिँदा नाफामुखी नीजि विद्यालयहरु फस्टाउँदै गयो । परिणमस्वरूप अहिले सार्वजनिक विद्यालयहरूको अवस्था नाजुक छ । सार्वजनिक विद्यालयमा गरिब नागरिकका छोराछोरीले मात्र पढिरहेको, कतिपय स्थानमा विद्यार्थीको संख्या घटेर आधारभूत तहका विद्यालय भटाभट बन्द भएको वा एक अर्कामा गाभ्न परिरहेको छ ।

विगतमा सरकारले शिक्षा क्षेत्रको भौतिक पूर्वाधारहरूमा ध्यान नदिँदा नहुँदा अधिकांश विद्यालयको भवन, कक्षा कोठा, लाइव्रेरी, प्रयोगशालाको स्थिति अति कमजोर छ । हालै अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, समेत जारी भइसकेको छ । यस ऐनले शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने विषयलाई आत्मसात गरेको छ । ऐनमा यो दायित्वको समन्वय र नेतृत्व नेपाल सरकारले गर्ने उल्लेख छ ।

आधारभूत तह र माध्यमिक विद्यालयको शिक्षाको समग्र व्यवस्थापन गर्ने काम स्थानीय तहको हुने ऐनमा उल्लेख छ । अब स्थानीय सरकारले पायक पर्ने स्थानमा आधारभूत तथा माध्यामिक विद्यालयको स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

विद्यालयमा प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्री, खेल सामग्री, खेलकुद पूर्वाधार, कम्प्युटर तथा सूचनाको पहुँचको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्थाहरू स्थानीय तहबाट गरिनु पर्ने ऐनमा उल्लेख छ । यस्तै पालिकास्तरमा प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्नु पर्ने पनि ऐनमा उल्लेख छ ।

आधारभूत तह र माध्यामिक विद्यालयको शिक्षाको व्यवस्थापन गरिरहदा नेपाल सरकारले स्थानीय सरकारलाई 'परफरमेन्स वजेट' तथा अनुदान उपलब्ध गराउने उल्लेख गरिएको छ । यस अन्तर्गत खासगरि विद्यार्थी संख्या, नतीजा र उक्त क्षेत्रमा रहेका विद्यालयलाई आधार बनाउने भएको छ । यसरी हेर्दा आफ्नो तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न सबै विद्यालयलाई व्यवस्थित ढंगले संचालन गर्ने दायित्व स्थानीय सरकारको हो ।

यसैगरि मौलिक हकको कार्यान्वयन गर्न जन स्वास्थ्य सेवा ऐन-२०७५ जारी भएको छ । जनतालाई स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक सेवाबाट वञ्चित नगरिने ऐनमा उल्लेख छ । प्रत्येक नागरिकलाई निःशुल्क रूपमा खोप सेवा, एकीकृत नवजात शिशु तथा वाल रोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाजस्ता मौलिक हक स्थानीय तहबाट प्रदान गर्नुपर्ने छ ।

यसैगरि सरूवा रोग सम्बन्धी सेवा, नसर्ने रोग तथा शारीरिक विकलङ्गता सम्बन्धी सेवा, मानसिक रोग सम्बन्धी सेवा, जेष्ठ नागरिक सम्बन्धी सेवा, सामान्य आकस्मिक सेवा, स्वास्थ्य प्रवर्धन सेवा, आर्युवेद स्वास्थ्य सेवा लगायत अन्य सेवाहरूस्थानीय तहवाट प्रदान गर्नु पर्नेछ ।

आवास सम्बन्धि मौलिक हक कार्यान्वयन गर्न आवासको अधिकार सम्बन्धी ऐन-२०७५ जारी भएको छ । आफ्नो र परिवारको स्वामित्वमा घर जग्गा नभएका परिवारको आयस्रोत र प्रयत्नबाट आवासको प्रवन्ध गर्न नसक्ने नागरिकहरूलाई आवास सुविधा उपलब्ध गराउन वित्तीय साधन उपलब्ध गराउनु पर्ने व्यवस्था ऐनमा छ ।

वित्तीय साधनको व्यवस्था गर्न नसक्ने अति विपन्न आवास विहीनहरूलाई आवासको व्यवस्था पनि गर्नु पर्नेछ । यस्तो विपन्न आवास विहीन नागरिकहरूको लगत संकलन गरि संकलन गरिएको तथ्यांक स्थानीय सरकारले प्रदेश सरकारमार्फत नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यस्ता आवास विहीनहरूलाई परिचय पत्र वितरण गरी सोका आधारमा, स्रोत साधनको व्यवस्था मिलाई आवास सुविधा उपलब्ध गराउनु पर्नेछ ।

यस्तै हावाहुरी, वाढीपहिरो, आगलागी, भूकम्पजस्ता स्थानीय तहमा विपद्बाट विस्थापित व्यक्ति तथा परिवारजनको लागि तत्काल अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने व्यवस्था छ । विपदबाट विस्थापित व्यक्ति वा परिवारको घर जग्गा नभएको वा घर जग्गा भए पनि वासस्थानको लागि उपयुक्त नभएमा पुनर्वासको प्रबन्ध गर्नुपर्ने छ । यस्तो पुर्नवास वा आवासको सुविधा उपलब्ध गराउनका साथै एकीकृत वस्ती विकासको अवधारणा अनुरूप आवासको व्यवस्था मिलाउन पर्ने छ ।

यस्तै खाद्य सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी ऐन २०७५ जारी भएको छ । यस ऐनले हरेक नागरिकलाई विना भेदभाव, पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यवस्तु उपभोग गर्न पाउने व्यवस्था गरेको । खाद्यवस्तुमा नियमित पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने नागरिकको अधिकार पनि ऐनले सुरक्षित गरेको छ ।

यसैगरि भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यवस्तुसम्म दिगो पहुँच राख्ने, पोषण सहायता प्राप्त गर्ने र साँस्कृतिक रूपमा स्वीकार्य खाद्यवस्तु उपभोग गर्ने अधिकार पनि ऐनले सुरक्षित गरेको छ ।

रोकमरीको रोकथामका लागि खाद्य संञ्चिति गर्नुपर्ने, भोकमरीको नियन्त्रण गर्न खाद्यवस्तु वितरण गर्नु पर्ने व्यवस्था पनि छ । खाद्यान्नको अभाव भएका लक्षित घर परिवारको लगत वितरण संकलन गरि खाद्य सहायता परिचय पत्र वितरण गर्नु पर्नेछ । र यस्तो लक्षित परिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित परिवारलाई तोकिए बमोजिम निःशुल्क खाद्यान्न सहायता उपलब्ध गराउनु पर्नेछ । स्थानीय तहको प्रूखको अध्यक्षतामा एक खाद्य समन्वय समिति गठन गर्नु पर्ने व्यस्था पनि छ ।

स्थानीय तहमा नागरिकलाई स्वचछ खानेपानीको पहुँचको सुनिश्चितता गर्ने, सर्व सुलभ एवं सुरक्षित तवरले सार्वजनिक यातायातको प्रबन्ध पनि संग संगै मिलाउनु पर्ने हुन्छ । संविधान र कानूनमै रोजगारीको हक प्रत्याभूत गरिएको छ । स्थानीय तहमा नै वेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम बेरोजगार भत्ता

*बाँकी ४ पेजमा*

## आजको राशिफल

**मेष** :- प्रेमीको सहयोग प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । चिन्ता छाडेर चिन्तन गर्ने समय छ । कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ ।

**वृष** :- आँटेको र ताकेको कार्य पुरा होला । कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**मिथुन**:- यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ, सचेत रहनुहोला ।

**कर्कट** :- लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । सामाजिक कार्यमा मन जानेछ ।

**सिंह**:- रमाइलो यात्राको योग रहेको छ । बन्धु-बान्धवबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह रहला ।

**कन्या** :- आज रमणीय र सुखद् यात्राको योग छ । दैनिक कार्यमा प्रगती हुनेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

**तुला**:- आर्थिक कारोवारमा मन्दी आउनेछ । मनमा दुविधा उत्पन्न होला । सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला ।

**वृश्चिक** :- रमणीय र सुखद् यात्राको योग छ । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । धार्मिक यात्राको योगछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**धनु**:- रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ ।

**मकर** :- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । विशिष्ट व्यक्तिको सहयोग मिल्ला । विद्या र बुद्धिको विकास हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कुम्भ**:- आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोवारमा बिवाद आउनेछ । नजिक व्यक्तिबाट धोका पाईन सक्नेछ सचेत रहनुहोला ।

**मिन** :- आज महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । बहुमुल्य वस्तु हात पर्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ ।

# कोरोनाको मारमा दसैं

## गाउँघर
**राजकुमार राउत**



नेपालमा सम्पूर्ण नेपालीहरूको महान पर्व विजया दशमीको आगमन हुनै लागेको छ । सामाजिक, आध्यात्मिक, मनोवैज्ञानिक आर्थिक दृष्टिकोणले समेत यस पर्व मनाउने बारे चर्चा परिचर्चाहरू सुरू हुन थालेका छन् । कसैले यसलाई ठूलो खुशीयाली साथ लिंदै छन् भने कसै कसैले यथास्थितिको पर्व र परम्परागत पर्वको रूपमा पनि चर्चा परिचर्चा गर्न थालेका छन् । देशका आर्थिक समृद्ध व्यक्ति र समुदायले यसलाई कसरी मनाउने भन्ने अनुमान देखि एउटा निर्धन, सीमान्तकृत गरिबले कसरी मनाउने भन्ने सोच सम्म पनि उब्जिन थालेका छन् ।

दसैं खास गरी नेपाल र भारतमा बडो धुमधाम र हर्ष उल्लास पूर्वक मनाइन्छ । यसो हेर्दा विश्वका धेरै जसो मुलुकहरूमा बसोबास गरेका नेपाली र भारतीयहरू समेतले यस पर्वलाई श्रद्धा भक्तिपूर्वक पूजाआजा गरी मनाई रहेका हुन्छन् । यसपालिको महान पर्व अरू पालिको भन्दा फरक हुने जस्तो अनुमान लगाइँदै छ । गत वर्षहरूमा दसैं आउनु भन्दा १ महिना पहिले देखि नै सरकारी स्तरमा एक किसिमको तयारी हुने गर्दथ्यो भन्ने गैर सरकारी स्तरमा जनता, समाज, समुदाय, धार्मिक संस्थाहरू आ–आफ्नै किसिमले यस महान चाडको बारेमा तल्लीन भएर लागि परेका हुन्थे ।

एकातिर अहिले मानव समुदायको सामुनेमा जगत जननी जगदम्बाको आराधाना अनुष्ठानको साल छ भन्ने नेपाल मात्र होइन पूरै विश्व नै महामारी कोभिड–१९ को चपेटामा तवाहीको शिकार बन्दै छ । नेपाल भारत बाहेक अरू देशहरूमा त्यति साऱ्हो दशैंको चर्चा नभए पनि नेपाल र भारतमा एकातिर महान पर्व विजयादशमी आउन लागेको छ भने अर्को तिर कोरोनाले नेपाल भारतलाई छोड्नु त परै जाओस अनुपातमा दिनानुदिन बढोत्तरी अवस्थामा छ संक्रमणको संख्या भयावह रूपमा बढेको छ ।

मृत्युको संख्या पनि अत्यन्तै चिन्ताजनक रूपमा आम नेपालीहरूको दु:खको विषय बन्दै छ । यी दुवैको दोसाँधमा नेपालीहरूले के गर्ने कसरी बस्ने, कसरी जीवन धान्ने कसरी ज्यान सुरक्षा गर्ने देखि लिएर महान चाडलाई सम्पन्न कुन अवस्थामा गर्ने भन्ने कार्य योजना बनाइरहेका छन् । कोरोनाको मार र लकडाउनले हरेक नेपालीहरूको आयश्रोत र आम्दानीमा ठूलो धक्का लागेको छ । नेपालीहरू धौ धौ को अवस्थामा गुज्रिंदै छन् । अर्को तर कुनै न कुनै किसिमले यस महान पर्वलाई विधी विधान पूर्वक सम्पन्न गर्ने पर्ने हुन्छ ।

नेपाली दाजु भाई दिदी बहिनी तथा जनमानस के चर्चा अनुसार नेपालका प्रधानमन्त्री जसको निवास बालुवाटारमा छ अत्याधुनिक रीतिरिवाज बमोजिम दसैं मनाउने तयारी भै रहेको होला भने एउटा गाउँको साऱ्है दिनहीन गरिब दलित लहान नगरपालिका–२४ का फनिया सदा जसको चैत्र देखि अहिले सम्म पूरा रोजगारी ज्यालादारी बन्द भएको छ भने एक छाक टार्न गाऱ्हो समयमा कसरी दसैं मनाउँने भन्ने प्रश्न उठेको छ । एकातिर राष्ट्र प्रमुख राष्ट्रपति निवासमा कस्तो दसैं मनाइन्छ भन्ने अडकल र आँकडा हुन्छ भन्ने अर्कोतिर मानिकदहकी सीया पासवानको घरमा कस्तो दसैं मनाउने भन्ने चर्चाहरू उब्जन थालेको छ । सीया पासवान एक मजदुर महिला हुन । जो सर्रे खोलामा गिट्टी बालुवा चालेर जीवन निर्वाह गर्दछिन् भने विगत चैत देखि उसले काम गर्न पाएकि छैनन् कारण कोरोना तथा लकडाउनले उसको काम बन्द भएको छ । र उसको सामु दसैं आएको छ । उसले नयाँ कपडा, नयाँ सामग्री दशैंमा चाहिने न्यूनतम सामानहरू जुटाउन सक्छ सक्दिनन् ।

दसैं अहिले महान पर्व भए पनि कसैको लागि महान सुख, सौभाग्य आनन्दको पर्वको रूपमा उपस्थिति भएर उभिएको छ । तर कसैको लागि आँसु, शोक र पीडाको पर्व पनि भएको छ । सिन्धुपाल्चोक जिल्लामा भरखरै केही दिन बितेको समयमा पहिरोले अनेकौं नेपालीको ज्यान गएको छ भने कतिको शव अहिले पनि फेला परेको छैन । सौयोंको संख्यामा मानिस घरबार विहीन बनेका छन् । विस्थापित धैरै नेपालीहरू भएका छन् तिनीहरूको दसैं कस्तो हुने भन्ने सवाल पैदा भएको छ । प्रत्येक महिनामा सञ्चारमाध्यम अनुसार कैयौ नेपाली चेलीबेटीहरू दिनहुँ बलात्कारका सिकार भइरहेका छन् र हत्या गरिंदै छन् तिनीहरूको दसैं कस्तो हुने । तिनीहरूको आमा बुबा दाजु भाई दिदी बहिनीहरू कस्तो खुशीयाली लिएर दशैं मनाउने ।

राजनैतिक विश्लेषक रामचन्द्र पालका अनुसार एकातिर कोरोनाको डर र त्रास भयावह छ भने नेपालीहरू छाँक टार्ने समस्या भएको बखतमा महान चाड विजयादशमी कुन खुशियाली सहित मनाउने भन्ने दु:ख लाग्दो अवस्था छ । अर्को तिर दैनिक अत्यावश्यक खानपिनका सामग्रीमा मूल्य आकाशिंदो छ बजार भाउ नियन्त्रण छैन सरकारको नजर यतातिर बिल्कूलै छैन् । अर्का लोकतान्त्रिक बुद्धिजिवी मानवीर यादवका अनुसार यस महान चाड विजया दशमी कसरी मनाउन पाउने भन्ने विषयमा संघीय सरकार र स्थानीय सरकार पूर्ण रूपमा उदासीन र निरपेक्ष जस्तो छ । नेपाली कांग्रेसका यूवा नेता रासलाल रायको अनुसार वामपन्थीहरूको सरकार अहिले छ जसको शाब्दिक अर्थ हुन्छ देब्रे भनेको अशुभ संकेत हो र वामपन्थी सरकारको हाली मुहाली तथा कार्यकालमा कोरोना महामारी, अतिवृष्टी बाढी पहिरो, रोजगारी हनन्, आयश्रोतको बन्दी संकट ग्रस्त अवस्था सबै नेपाली जनताका सामुनेमा छ कसरी पार लाग्छ भावी दिनहरू गाऱ्हो हुँदै छ । अर्का विश्लेषक ज्ञान कुमार महासेठका अनुसार जनताको गाँस, बाँस कपास तथा सरसफाइमा ध्यान पुग्ने पर्नेमा भागवण्डा र नेतृत्व खिचातानीमै व्यस्त भएकोले नेपालीहरूको दु:खतिर ध्यान नगएको बताउँछन् ।

ऋर्का बुद्धिजिवी रामचन्द्र मण्डल संघीय र प्रान्तीय त टाढा जाओस स्थानीय सरकार लहान नगरपालिकाले पनि जनताको सबालमा संवेदनशील नभएको बताउँछन् । यस्तो अर्को नागरिक अगुवा राजकुमार मण्डलले स्थानीय प्रशासन र सरकारले दशैंको मुखमा सर सफाई अनियन्त्रित बजार मूल्य, शान्ति सुरक्षा र अत्यावश्यक आयात र नियति सामग्रीमा भन्ने दसैं अत्यन्तै कठिन बन्ने बताउँछन् ।

# चाडपर्वमा ट्राफिक प्रहरीको विशेष सुरक्षा योजना



**लहान ।** नजिकिँदो दशैं, तिहार तथा छठपर्वलाई लक्षित गरेर जिल्ला ट्राफिक प्रहरी कार्यलय सिरहाले ट्राफिक व्यवस्थापन र स्वास्थ्य मापदण्डको विषयलाई केन्द्रमा राखेर ट्राफिक व्यवस्थापन विशेष सुरक्षा योजना कार्यान्वयन तयारी थालेको छ ।

जिल्लाको ट्राफिक व्यवस्थापन तथा नियन्त्रणको लागि ट्राफिक प्रहरीको प्रभावकारी परिचालन, दुरूस्त कारवाही, शीघ्र र सहज सेवा पहुँचको व्यवस्था मिलाएर चाडपर्वलाई सुरक्षित गराउने उद्देश्यका साथ योजना लागू गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यलय सिरहा लहानका प्रहरी निरीक्षक दान बहादुर मिरिङ्गचिङ्गले भेटघाटको कार्यक्रममा जानकारी दिएका हुन ।

प्रहरी निरीक्षक मिरिङ्गचिङ्गले यस जिल्लामा ट्राफिक व्यवस्थामा पूर्ण कडाइ गरिने, टेम्पु चालकहरूलाई प्रशिक्षण तथा पोशाकको व्यवस्था गरिने, ट्राफिक प्रहरी भित्र मौलाई रहेको खुद्रे भ्रष्टाचार न्यूनीकरण गर्ने, कमला देखि बलान सम्म हाइवेको ठाउँ ठाउमा स्थानीय तहसँग समन्वय गरी ट्राफिक सचेतना बोर्ड राख्ने पहल गरिने बताए ।

उनले जिल्लामा सवारी आवागमनलाई सहज बनाउन, सडक प्रयोगकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न, सवारी दुर्घटना न्यूनिकरण गर्न र चाडपर्वमा हुन सक्ने ठगी नियन्त्रणका लागि सुरक्षा योजना लागू गरेको समेत जानकारी दिए । यात्राको क्रममा वा ट्राफिक सम्बन्धि कसैलाई केही समस्या भए १०३ मा फोन गर्न उनले आग्रह समेत गरेका छन् । ट्राफिक व्यवस्थापन मात्र होइन, चाडपर्वको समयमा यात्रुसँग बढी भाडा लिने, बाटोमै यात्रुलाई ओरालि दिने, स्वास्थ्य मापदण्ड पालना नगर्ने जस्ता समस्या आउन नदिन ट्राफिक प्रहरी चनाखो भएको उनले जानकारी दिए ।

## प्रदेश ...

विजयकुमार झाले जानकारी दिए ।

कोरोना भाइरसका कारण प्रदेश २ मा बिहीबार तीनजनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा सप्तरीको कञ्चनरूप नगरपालिका–२ बरमझिया घर भएकी बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान धरानमा उपचाररत एक जना ४६ वर्षकी महिला, महोत्तरीको पिपरा गाँउपालिका–५ घर भएका मानव अंग प्रत्यारोपन केन्द्र भक्तपुरमा उपचाररत एक जना २५ वर्षको पुरूष र पर्साको वीरगंज–२ छपकैया घर भएका एक जना ४५ वर्षीय पुरूष रहेका छन । यो सँगै प्रदेश २ मा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या १ सय ५७ पुगेको छ ।

प्रदेश २ मा २४ घण्टामा २५ जना महिला र ६६ जना पुरूष गरी ९१ जना कोरोनाको संक्रमण मुक्त भएर घर फर्किएका छन् । यो सँगै प्रदेश २ मा कोरोना जितेर घर फर्किनेको संख्या १२ हजार ५ सय ८६ जना पुगेको छ ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क)** भिडबाट बच्ने । **ख)** हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।**ग)** साबुन पानीले नियमित हात धोउँ । **घ)** एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । **ङ)** खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । **च)** रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । **छ)** दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क)** भिडबाट बच्ने । **ख)** हिडडुल गर्दा माक्सको प्रयोग गरौं । **ग)** साबुन पानीले नियमित हात धोउँ । **घ)** एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । **ङ)** खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । **च)** रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । **छ)** दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क)** भिडबाट बच्ने । **ख)** हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।**ग)** साबुन पानीले नियमित हात धोउँ । **घ)** एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । **ङ)** खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । **च)** रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । **छ)** दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क)** भिडबाट बच्ने । **ख)** हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।**ग)** साबुन पानीले नियमित हात धोउँ । **घ)** एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । **ङ)** खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । **च)** रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । **छ)** दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# ‘कोरोनाको उपचार आफ्नै गोजीबाट गर्नू, सरकारले सक्दैन’ : स्वास्थ्य मन्त्रालय



**काठमाडौं ।** सरकारले कोरोना संक्रमितको उपचार आद्रनै खर्चबाट गर्न भनेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले जसले इन्स्योरेन्स गरेको छ उसले सोही रकमबाट र नगरेको भए खल्तीबाटै खर्च गरेर कोरोनाको उपचार गर्नुपर्ने बताए । डा. गौतमले भने, ‘जसले इन्स्योरेन्स् गरेका छन् । उनीहरूले त्यो सुविधा लिन सक्छन् अर्थात सोही रकम खर्च गर्न सक्छन् नगरेकाले खल्तीबाटै खर्च गर्नुपर्ने हुन्छ । इन्स्योरेन्सले पुगेन भने पनि संक्रमितले नै उपचार खर्च बेहोर्नुपर्छ । सरकारले खर्च गर्न सक्दैन ।

‘आर्थिक रूपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका नागरिक, असहाय एकल महिला, अति अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक, अग्रपंत्तिःमा खटिने स्वास्थ्यकर्मीहरू, सरसफाइ कर्मचारीहरू, सुरक्षाकर्मीहरू लगायत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरूमा लक्षण वा चिन्ह देखिएमा परीक्षण निशुल्क गरिनेछ’ स्वास्थ्य मन्त्रालयले भनेको छ, ‘तर उनीहरूले पनि कुनै बिमा कम्पनीबाट कोरोना बिमा गरेको भएमा परीक्षण खर्च निजको बिमा रकमबाट बेहोर्ने छ ।’ ***बाह्रखरीबाट***

## जनताको ...

उपलब्ध गराउदै उनीहरूलाई रोजगारीका अवसर सृजना गर्ने दायित्व पनि स्थानीय तहको काँधमा आएको छ ।

यस्तै भूमिहीन दलित समुदायलाई जमीन र आवासको व्यवस्था, समाजमा पछाडी परेका वर्ग समुदायलाई सामाजिक न्यायको सुनिश्चितता गर्ने दायित्व पनि स्थानीय सरकारको हो । आर्थिक रूपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई सामाजिक सुरक्षा अर्न्तगतका सुविधाको प्रत्याभूति र उपभोक्ताहरूलाई आ–आफ्नो तहमा गुणस्तरीय वस्तु तथा सेवा आपूर्ति हुने गरि वजारको प्रबन्ध गर्नु स्थानीय तहको जिम्मेवारी हो । स्थानीय सरकारका सामू राज्यले जनतालाई प्रदान गर्नुपर्ने आधारभूत आवश्यकताका वस्तु तथा सेवा लाई सहज ढंगले उपलब्ध गराउनु पर्ने अभिभारा आएको छ । यद्यपी शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानीका सेवाका साथै रोजगारीको सुनिश्चितता, सामाजिक सुरक्षाका सुविधाको प्रवन्ध पछाडी परेका वर्ग समुदायलाई सामाजिक न्याय प्रदान गर्ने आदि सबै विषयहरू नेपाल सरकार (संघ) र प्रदेशको पनि दायित्व भित्रै पर्दछन् ।

संघ र प्रदेशले नीतिगत प्रबन्ध, स्रोत व्यवस्थापन र समन्वयको काम गर्नु पर्छ भने स्थानीय सरकारले सरकारले सञ्चालन गरेका कार्यक्रम नागरिकसम्म पुर्‍याउन पूलको काम गरि दिनुपर्छ । जस्तो कि, आवासविहीन गरिबहरु लक्षित कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकारले तथ्यांक संकलन, कार्यक्रम सञ्चालनलगायतका काम गर्छन् भने संघ र प्रदेशले आवश्यक नीति बनाउने, बजेट विनियोजन गर्ने र समन्वयको काम गर्नु पर्छ ।

स्थानीय तहको अभिभाराको चर्चा गरिरहँदा भुल्न नहुने पक्ष के भने, मौलिक हकको कार्यान्वयनमा संघीय र प्रदेश सरकार पनि उत्तिकै जिम्मेवार हुन जरूरी छ । आवश्यक बजेट विनियोजन नगर्ने, नीति बनाउने, समन्वय नगर्ने हो भने मौलिक हकको कार्यान्वयन स्थानीय तहको मात्रै प्रयासमा कार्यान्वयन हुन सक्दैन । त्यसैले तीन वटै सरकारहरु संविधानको मूल मर्म सहकार्य, समन्वय र सहअस्थित्वका आधारमा चल्नु पर्छ । अब स्थानीय तहका सरकारहरूले नागरिकसँग जोडिएका संवेदनशील र महत्वपूर्ण आवश्यकतालाई पुरा गर्ने योजना बनाउने बेला भएको छ । अहिले जतातत‍ै विकास र समद्धिबारे वहस र भाषणबाजी भइरहेको छ । तर स्थानीय तहमा मौलिक आधिकारका विषयलाई उच्च प्राथमिकता दिएर जबसम्म नीति, कार्यक्रम र तदनुरूप बजेटको व्यवस्था हुन सक्दैन तब सम्म समृद्धिको आधार नै तयार हुन्न ।

अहिले विकासका नाममा गाउँका एउटै वडा भित्र ८ र ९ वटासम्म मोटर बाटो बनाउने, खेतीयोग्य जमीनमा बाटो खन्ने र यतैतिर वजेट विनियोजन गरेर स्रोत साधनको दुरूपयोग भइरहेको छ । शिक्षा, स्वास्थ्य, भोकमरी न्यूनीकरण, विपद व्यवस्थापनजस्ता महत्वपूर्ण र संवेदनशील समस्या हल गर्न खर्च गर्नु पर्ने रकम यसरी जथाभावी खर्च गर्दा स्थानीय तह संवैधानिक दायित्व निर्वाह गर्नबाट विमुख हुन जान्छ । संवैधानिक दायित्व बहन गर्न नसक्नु भनेको व्यवस्था असफल हुनु हो । आफूलाई अधिकारसम्पन्न बनाइएको संघीय व्यवस्थालाई असफल पार्ने छुट स्थानीय तहलाई छैन ।

पछिल्लो समय स्थानीय तहका कर्मचारी र जनप्रतिनिधीले तलब भत्ता, सवारी साधनजस्ता सुविधाका लागी नियमविपरित खर्च गरिरहेको तथ्यहरु सार्वजनिक भइरहेको छ । एकातिर मुलुकको स्रोत साधन सिमित छ, अर्कोतिर भएका स्रोत साधनको पनि सदुपयोग भएन भने संविधानले दिएको अभिभारा पुरा गर्न सकिँदैन । राज्यका कुनै पनि अंगलाई संविधानले दिएको अभिभारा वेवास्ता गर्ने छुट छैन ।

पछिल्ला दशकहरूमा आर्थिक उदारीकरण, नीजिकरण र व्यापारीकरणजस्ता विभिन्न कारणले सर्वसाधारण जनताको शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सार्वजनिक यातात र रोजगारीमा पहुँच कायम गर्न सकेन । अव्यहारिक शिक्षा प्रणालीका कारण दुई खालका नागरिक उत्पादन भए, जसले गर्दा जनताहरुबीच बर्गीय खाडललाई अझ गहिरो बनाउँदै लग्यो ।

पैसा हुनेले मात्र स्वास्थ्य उपचार प्राप्त गर्ने स्थिति बन्यो । पैसा नहुने गरिब जनता उपचार अभावमा अकालमै मृत्युबरण गर्नुपर्ने कहालीलाग्दो अवस्था सृजना भयो । गाउँघरमा रोजगारी, उद्यमशीलता र बजारको राम्रा प्रबन्ध नहुँदा बेरोजगार युवाहरु घर खेत बन्दकी राखेर वैदेशिक रोजगारीमा जान बाध्य भए । यसले गर्दा देश भित्र बचत परिचालन वृद्धि हुन सकेन, र राष्ट्रिय पुँजी निर्माणको दर पनि न्यून रह्यो ।

देशभित्र राष्ट्रिय पूँजीको निर्माण गरेर उत्पादन, रोजगारी र दिगो आयवृद्धि नगरी समद्धि सहितको समाजवादको आधार निर्माण हुन सक्दैन । त्यसैले समृद्धि हासिल गर्न सबैभन्दा पहिला जनताका आधारभूत आवश्यकता पुरा गर्नेगरि स्थानीय तहवाटै योजना र कार्यक्रम सञ्चालन गर्नु पर्दछ । जनताका आधारभूत आवश्यकता पुरा भएपछि मात्रै समृद्धका झलागी आधार तयार हुन्छ ।

जनताको आधारभूत आवश्यकता परिपूर्ति भए पछि जनतामा वृद्धि हुदै जाने बचत रकमले राष्ट्रिय पूँजी निर्माण हुन्छ । त्यही राष्ट्रिय पूँजीले उत्पादन, रोजगारी, उच्च आयले समृद्धि प्राप्त गर्दै समाजवादमा पुग्ने आधार निर्माणतर्फ मुलुक उन्मुख हुनेछ । ***स्थानीय खबरबाट***

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
–: जनहितका लागि :–
हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी**
**कार्यालय** :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)